चिचिला गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः ८ सङ्ख्याः १ मितिः २०८१।०३।२५

भाग - २

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

# आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०८१

**प्रस्तावनाः**

चिचिला गाउँपालिकाको विकासका लागि गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

- यो कार्यविधिको नाम "आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०८१" रहेको छ।
- यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

क) "गाउँपालिका भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले चिचिला गाउँकार्यपालिका सम्झनु पर्दछ ।

ग) "प्रमुख" भन्नाले चिचिला गाउँपालिकाको गाउँ प्रमुखलाई सम्झनु पर्दछ।

घ) "उपप्रमुख" भन्नाले चिचिला गाउँपालिकाको गाउँ उपप्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "वडाध्यक्ष भन्नाले चिचिला गाउँपालिकाको सबै वडाध्यक्षलाई सम्झनु पर्दछ।

च) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्छ।

ज) "गाउँसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिम चिचिला गाउँपालिको गाउँ सभालाई सम्झनु पर्दछ।

झ) "पदाधिकारी" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, तथा कार्यपालिकाका अन्य सदस्यलाई सम्झनुपर्छ।

ञ) "वडा" भन्नाले चिचिला गाउँपालिकाका १० वडा सम्झनु पर्दछ।

ट) "वडा समिति" भन्नाले संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनु पर्दछ।

ठ) "राजश्व" भन्नाले गाउँपालिकाको कानून बमोजिम संकलन गर्न पाउने कर, दस्तुर, शुल्क, महसुल र सो वापतको जरिवानालाई जनाउँछ सो शब्दले जनसहभागिता वापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान वापत प्राप्त रकम समेतलाई जनाउँदछ।

ड) "शिलवन्दी दरभाउपत्र" भन्नाले गाउँपालिकाको सूचना बमोजिम कुनै निर्माण कार्य गर्न वा मालसामान, परामर्श सेवा वा अन्य सेवा उपलब्ध गराउनको लागि इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी खाम भित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्छ।

ढ) "बोलपत्र" भन्नाले सार्वजनिक निकायले खरिदका लागि प्रकाशन गरेको सूचना अनुरुप सो निकायले तोकेको ढाँचामा बोलपत्रदाताले पेश गरेको मुल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनु पर्छ।

ण) "बोलपत्र सम्बन्धी कागजात भन्नाले बोलपत्रदाताले मूल्य वा प्रस्ताव वा दररेट भरी वा तयार गरि पेश गर्नका लागि बोलपत्र आव्हान गर्न सम्बन्धित सार्वजनिक निकायले तयार गरेको लिखत सम्झनु पर्छ र सो शब्दले बोलपत्रदातालाई दिएको निर्देशन स्पेशिफिकरीभार दिइएको निर्देशन, स्पेशिफिकेशन, नक्सा डिजाइन कार्यक्षेत्रगत शर्तहरु, कार्यतालिका, मूल्यांकनका आधार, परिमाण सूची, सम्झौताका शर्तहरु र यस्तै अन्य कागजात समेत लाई जनाउनेछ।

त) "ठेक्का" भन्नाले गाउँपालिकाले यस कार्यविधि बमोजिमको प्रकृया पुरा गरी बोलपत्र वा सिलवन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्ने सम्झौता गरेको कार्य सम्झनु पर्छ।

थ) "ठेक्का सम्झौता" भन्नाले गाउँपालिकाले यस कार्यविधि बमोजिम गाउँपालिकाको आन्तरिक आय उठाउन गाउँपालिका र अन्य कुनै पक्षबीच शर्त राखी गरिएको सम्झौता सम्झनु पर्छ।

द) "कवोल अंक" भन्नाले कुनै बोलपत्रको परीक्षण र मुल्यांकन समेतबाट कायम हुन आएको रकम सम्झनु

पर्छ।

ध) "सम्झौता मूल्य" भन्नाले खरिद सम्झौतामा उल्लेखित खरिद मूल्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो सम्झौता अन्तर्गत भेरिएसन आदेश जारी गरिएकोमा त्यस्तो आदेश बमोजिम भएको काम, नाप जाँच गर्दा कायम भएको मूल्य र मूल्य समायोजन भएकोमा त्यस्तो समायोजनबाट कायम भएको मूल्य समेतलाई जनाउँछ।

न) "बहुवर्षिय सम्झौता" भन्नाले एक वर्ष भन्दा बढी अवधि भएको सम्झौता सम्झनु पर्छ।

प) "घरौटी रकम" भन्नाले कुनै काम टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको रकम सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले राखिएको धरौटी रकम समेतलाई जनाउनेछ।

फ) "बढाबढ" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिकाको आन्तरिक आय उठाउन ठेक्का बन्दोवस्त गर्नका लागि ठेक्का लिन चाहने व्यक्तिहरुबाट डाँक बोलाई गरिएको बढावढ सम्झनु पर्छ।

ब) "डाँक" भन्नाले बढाबढ हुँदा ठेक्का लिन चाहने व्यक्तिले सो ठेक्का सम्बन्धमा कबुल गरेको नगद वा जिन्सीको अंक सम्झनु पर्दछ।

भ) "अमानत" भन्नाले गाउँपालिका आफैले सिधै सम्पन्न गर्ने कार्य वा सेवा सम्बन्धी कार्य सम्झनु पर्छ।

## परिच्छेद २
## आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने

**३. आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोबस्त गर्न सक्ने**

**१.** कार्यविधिको अधिनमा रही गाउँ सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न गाउँपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

तर गाउँपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोवस्त गर्न सकिनेछ।

**"स्पष्टीकरण"** यस दफाको प्रयोजनको लागि **आन्तरिक आय** भन्नाले नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाडबाट प्राप्त हुने रकम तथा अन्य विषेश प्रकृतिको अनुदान बाहेक गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ।"

२. दुई वा दुई भन्दा बढी स्थानीय तहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा १ बमोजिम ठेक्का बन्दोवस्त गर्न सक्नेछन।

**३.** गाउँपालिकाले सामान्यतय आर्थिक वर्ष शुरु हुनु अगाडी नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ। यसरी ठेक्का बन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्नेछैन।

४. उपदफा १ बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनुपर्नेछ।

**क.** आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नुपर्नेछ।

**ख.** खण्ड क बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि गाउँसभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

**ग.** खण्ड क बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय एकलाख पचासहजार रुपैया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र एकलाख पचासहजार रुपैया भन्दा बढी उठ्ने भएमा बोलपत्र आवहान गरी सम्झौता गर्नुपर्नेछ।

**घ.** खण्ड ग बमोजिम सिलवन्दी बोलपत्र आव्हान गर्दा स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा

राष्ट्रियस्तरको पत्रिकामा क्मतीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

**ङ.** खण्ड ध बमोजिम सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ।

१. ठेक्काका मुख्य मुख्य शर्तहरु

२. श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण

३. ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा

४. बोलपत्र फारम प्राप्त हुने स्थान

५. बोलपत्र पठाउनु पर्ने तरिका

६. बोलपत्र वापत लाग्ने मुल्य

७. बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय तथा बोलपत्र खोलिने समय, मिति र स्थान

८. बोलपत्र उपर निर्णय हुने मिति

९. जमानत वापत राख्नुपर्ने रकम वा बैंक ग्यारेन्टीको किसिम र मान्य अवधि

१०. दाखिला गरिसकेका बोलपत्र फिर्ता लिने वा संसोधन गर्न चाहेमा सम्बन्धित फर्मले वोलपत्र फाराम पेश गर्ने अन्तिम मिति र समय भित्र छुट्टै शिलवन्दी खाममा आफ्नो विवरण पेश गर्न सक्ने व्यहोरा।

११. अन्य आवश्यक कुराहरु

**च.** खण्ड ङ को उपखण्ड ६ बमोजिम फारमको दस्तुर अनुसूची १ बमोजिम हुनेछ।

**छ.** खण्ड ङ बमोजिम प्रकासन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिँदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कार्वाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

**ज.** खण्ड घ बमोजिम प्रथम पटक बोलपत्र आवह गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कवोल अंक अनुमानित ठेक्का अंक भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद सात दिन दिई पुन सूचना प्रकाशन गरी बोलपत्र आव्हान गर्नु पर्नेछ।

**झ.** खण्ड ज बमोजिम दोखो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड ड बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक डाक बढ़ावको सूचना प्रकाशन गर्नु पर्नेछ।

१. बढ़ावड हुने गाउँपालिकाको कार्यालय वा अन्य कुनै स्थान

२. बढ़ावद हुने समय र मिति

३. अन्य आवश्यक

**ञ)** बढावड बाट समेत ठेक्का बन्दोवस्त हुन नसकेमा राजश्व परामर्श समितिको सिफारिस बमोजिम ठेक्का अंकमा पुन विचार गरी समितिको सिफारिस अनुसार आपसी वार्ता वा अमानत वा कुनै संघ संस्थासँग सम्झौता गरी तोकिएको ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

**५.** उपदफा ४ को खण्ड ड र खण्ड इन बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा वढावदमा डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफुले कवोल गरेको अंकको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको दश प्रतिशत रकम गाउँपालिकाको नाममा उक्त सूचनामा तोकिएको बैकमा धरौटी वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ। तोकिएको रकम गाउँपालिकामा नगदै बुझ्झाउन चाहे समेत बुझाउन सकिने छ।

**६.** यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा ५ बमोजिम राखिएको धरौटी वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले ३० दिनभित्र निजलाई फिर्ता गर्नुपर्नेछ । तर कुनै ठेक्काको चलान पूर्वी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कवोल गर्ने मध्ये सो

ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत गाउँपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन।

७. उपदफा ४ अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मितिभन्दा पछी वा त्यस्तो सूचनामा बढावढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारवाही गरिने छैन।

४. **ठेक्का स्वीकृत गर्ने** (१) उपदफा ३ को उपदफा ४ अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै या सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक गाउँपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

(२) रितपूर्वक बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ।

(३) दफा ३ को उपदफा ४ को खण्ड झ बमोजिम सार्वजनिक बढाबढ गर्दा न्यूनतम अंकबाट बढाबढ़ शुरु गरी सबैभन्दा बढी डाँक कवोल गर्नेवालाको डाँक तत्काले दफा ३ को उपदफा ५ बमोजिमको धरौटी वा बैंक ग्यारेन्टी लिई स्वीकृत गर्नुपर्नेछ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डॉक स्वीकृत गर्ने अधिकार दफा ९ मा उल्लेखित अधिकारीहरुलाई सोही दफाहरुमा उल्लेख भए बमोजिम हुनेछ।

## ५. पट्टा दिने र कबुलियत गराउने

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोवस्त गर्ने गाउँपलिका वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्रदाता वा डॉकवालालाई दिनुपर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कवोल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको वोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटीएमा वा सूचना बुझी नलिएमा गाउँपालिकाका सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु मध्ये चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ। तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ।

(३) उपदफा १ र २ बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मन्जुर गरे ठेक्का बन्दोबस्त गर्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कवुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ। त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कवोल बमोजिम कबुलियत गर्न मन्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्रथामिकता दिई उपदफा २ बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोवस्त गर्नुपर्नेछ। यसरी ठेक्का बन्दोवस्त गर्दा त्यस्तो रकम गाउँपालिकाले अनुमान गरेको अंक भन्दा कम हुने रहेछ भने यस कार्यविधिको प्रकृया पुर्याइ पुन बोलपत्र आव्हान गर्नुपर्नेछ।

(४) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अंकको कुल रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको कम्तीमा एक वर्ष म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछी ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची २ बमोजिम कवुलियत गराई अनुसूची ३ बमोजिम पट्टा दिनुपर्नेछ।

(५) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछी सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्वी नलिएमा वा पट्टा नउठाएमा निजले दफा ३ को उपदफा ५ बमोजिम राखेको जमानत जफत भई गाउँपालिकाको संचित कोषमा दाखिला हुनेछ।

## ६. ठेक्का रकमको किस्ता बुझाउने तरिका

(१) गाउँपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असुल गर्नुपर्ने किस्ताको अंक निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लेखित असूली कार्यतालिका र अन्य शर्त बमोजम हुनेछ।

तर यसरी कार्यतालिका बनाउँदा राजश्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चरा महिनाभन्दा चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशत सम्म छूट दिन सकिनेछ।
तर यस्तो छुटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा उल्लेख भएको हुनुपर्नेछ ।

**७. ठेक्का तोड्ने**

(१) पट्टा कबुलियतको कुनै शर्तको वर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछी ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन।

(२) कुनै ठेकेदारले गाउँपालिकाले तोकेको दरभन्दा बढी दरमा कर असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालबस्तुमा कर, सेवाशुल्क, वा दस्तुर असुल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असुल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असुल गरी सम्बन्धित व्यकिताई सम्बन्धित गाउँपालिकाले फिर्ता गर्नुपर्नेछ।

(३) उपदफा २ मा उल्लेखित क्रियाकलाप पुन दोहोरिएमा त्यस्तो ठेकेदारले ठेक्का तोडी धरौटी जफत गरिनेछ। यसरी धरौटी जफत गर्दा पनि नया ठेक्का बन्दोबस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नया ठेक्का बन्दोवस्त गर्दा लागेको रकम असुल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालोसूचीमा राखी अन्य स्थानीय तह, प्रदेश र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी पठाउनुपर्नेछ।

(४) उपदफा ३ बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गरि महशुल असूल गरी ठेक्का दिन सकिनेछ।

(५) उपनियम ३ बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट गाउँपालिकालाई भएको नोक्सानी र गाउँपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(६) गाउँपालिकाले ठेक्का बन्दोवस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लेखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छूटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी गाउँपालिकाले व्यहोर्नु पर्नेछ।

**८. बक्यौता रकम असूली सम्बन्धी व्यवस्था** (१) गाउँपालिकाले विभिन्न कारणबाट असुल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असुल उपर गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी संगठित संस्था, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ।

(३) उपदफा २ बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई गाउँपालिकाले असूली अंकको बढीमा ५ प्रतिशत सम्म रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ। एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असुली भएको भए पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा १,२ र ३ बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ।

## परिच्छेद ३
## विविध

**९. बोलपत्र वा सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकारी** (१) आन्तरिक आय ठेक्काका लागि देहायका रकमको बोलपत्र वा सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ।

१. दश लाख रुपैयाँसम्म प्रमुख प्रशासकीय अधिकृतले
२. बीस लाख रुपैयाँसम्म प्रमुखले,
३. बीस लाख रुपैयाँ भन्दा माथि कार्यपालिकाले

**१०. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग कारोबार गर्नुपर्ने**

(१) गाउँपालिकाले ठेक्का लचिचिलादा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृदी कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, कर्म संस्था वा कम्पनीसँग मात्र ठेक्का बन्दोबस्त गर्नुपर्नेछ। कुनै व्यक्ती फर्म, संस्था माथी उल्लेख भए बमोजिम दर्ता नभएको कारण प्रतिस्पर्धामा बंचित गरिने छैन तर त्यस्तो व्यक्ति फर्म संस्थाले उक्त ठेक्का पाएको भए सात दिन भित्र सम्बन्धित निकायमा दर्ता हुन पर्ने छ। अन्यथा नियमानुसार दोश्रो तेस्रो क्रममा लाई ठेक्का दिन सकिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा स्थायी लेखा नम्बर वा मुल्य अभिवृदी कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति फर्म संस्था वा कम्पनीसँग समेत ठेक्का बन्दोवस्त गर्न सकिनेछ ।

क) एक प्राकृतिक व्यक्तिबाट एक आर्थिक वर्षमा एकलाख रुपैयाँ भन्दा कम रकमको ठेक्का बन्दोवस्त

ख) मूल्य अभिवृद्धि कर नलाग्ने मालसामानको ठेक्का बन्दोबस्त

**११. बोलपत्र सम्बन्धी दस्तुर**

(१) वोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक व्यक्ती फर्म संस्था वा कम्पनीले अधिकार प्राप्त अधिकारी वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र सम्बन्धी कागजात गाउँपालिकाबाट अनूसूची १ मा उल्लेख बमीजिमको दस्तुर तिरी लिनु पर्नेछ।

(२) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले उपदफा १ बमोजिमको दस्तुर र लाग्ने हुलाक वा कुरीयर महसुल तिरी बोलपत्रसम्बन्धी कागजात वा प्रस्ताव आव्हान सम्बन्धी कागजात पठाइ दिन लिखित अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो व्यक्ति, फर्म कम्पनी वा संस्थालाई हुलाक वा कुरियर मार्फत बोलपत्र सम्बन्धी कागजात पठाई दिनु पर्नेछ। तर त्यसरी पठाउँदा त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्रसम्बन्धी कागजात समयमानै प्राप्त गर्न नसकेको वा अन्य कुनै कारणले ठेक्का बन्दोवस्त सम्बन्धित कारयेमा दखल गरेमा त्यसमा कतै उजुर लाग्ने छैन।

(३) गाउँपालिकाले बोलपत्रदातालाई कर असुल गर्ने स्थलको यथार्थ जानकारी दनि आवश्यकता अनुसार सम्बन्धित स्थलको भ्रमण गराउन सक्नेछ ।

अनुसूची -१

बोलपत्र सम्बन्धी दस्तुर

| | |
|---|---|
| दशलाख रुपौयासम्मको लागि | एक हजार रुपौया |
| दशलाख भन्दामाथि साठी लाख रुपौयासम्मको लागि | तीन हजार रुपौया |
| साठीलाख भन्दामाथि छ करोड रुपौयासम्मको लागि | चार हजार रुपौया |
| छ करोड भन्दामाथि दश करोड रुपौयासम्मको लागि | पाँच हजार रुपौया |
| दश करोड भन्दामाथि पच्चिस करोड रुपौयासम्मको लागि | छ हजार रुपौया |
| पच्चीस करोड भन्दा माथिको लागि | दश हजार रुपौंया |

## अनुसूची २ कवुलियतको फाराम

लिखितम्को ...................................... बस्ने आगे तपसील बमोजिमको शर्तमा तपशील बमोजिम क्षेत्रमा गाउँपालिकाको रकम ठेक्का बन्दोवस्त गर्ने गरी यस गाउँपालिकाबाट आमन्त्रित गरिएको मिति .......................... गतेको सूचना अनुसार तपाई समेतले दिनु भएको बोलपत्र/बढाबढको व्यहोरा पेश हुँदा आर्थिक वर्षको रुमा ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोवस्त गर्न मिति ...........................गते यस गाउँपालिकाबाट निर्णय भएको हुँदा उपयुक्त निर्णयानुसार तपशिलको शर्त बमोजिमका श्रोतबाट तपशील बमोजिमको क्षेत्रमा गाउँपालिकाको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जुरी भै आउनु भएको हो होइन भनी आज मलाई यस गाउँपालिकाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो। यसमा तपशीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जुरी भै उपस्थित भएको छु। तपशीलमा लेखिए बमोजिमका शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपशीलमा लेखिए बमोजिमको मिति भित्र गाउँपालिकालाई रकम बुझाई मिति .......................... गते देखि मिति ...........................सम्म २०८../०८.. को आर्थिक वर्षको निमित्त ठेक्का चलाउने छु पछि मैले कुनै कुरामा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखि यस गाउँपालिकामा चढाए।

<u>तपशील</u>

१. तपशीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष २०८../०८.. को तोकिएम बमोजिमको किस्ता म्यादभित्र बुझाउने गरी कानुनको अधिनमा रही .......................... गाउँपालिकाको आय संकलन गर्नेछु।

२. उक्त आय संकलन गर्नका निमित्त ........................... गाउँपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको चिचिला गाउँपालिकाबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी चिचिला गाउँपालिकालाई किस्ता रकम बुझाउनेछु। यसरी आय संकलन गर्दा करदातालाई दिइने भर्पाइ रसिद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

३. सो आय संकलन गर्न चिचिला गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादी लगाइ लिइने छैन र यस गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदी कुनै त्यस्तो अनाधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको स्थानीय निकायबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सजाय मलाई मन्जुर छ।

४. अन्य किस्ताको हकमा तोकिएको मिति भित्र गाउँपालिकाको राजश्व खातामा बुझाउँदै जानेछु।

५. यो आय संकलन ठेक्का कबुलियतगरी चलन पूर्वी लिनको लागि कुल ठेक्का अंक रु. .......................... बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको परफरमेन्स वण्ड वा नगद गाउँपालिकाको बैंकमा रहेको राजश्व खाता नं..................मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु।

६. अन्य आवश्यक कुरा केही भएमा;

**किस्ताबन्दी**

- .............. साल ............गते देखि ............ साल............सम्म जम्मा रु............
- पहिलो किस्ताः कबुलियत भएको ............गते, बुझाउनु पर्ने रु............)
- दोस्रो किस्ताः ............ भित्र बुझाउनु पर्ने रू. ............)
- तेस्रो किस्ताः ............ साल ............ मसान्त भित्र गाउँपालिकामा बुझाउने पर्ने रू. ............

| <u>ठेकेदार वा निजको वारेस</u> | <u>प्रमुख प्रशासकीय अधिकृत वा निजको अख्तियार प्राप्त अधिकारी</u> |
|---|---|
| दस्तखत | दस्तखत |

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| ठेगानाः | कार्यालयः |
| बुवाको नामः | |
| साक्षीको नाम, थर ठेगना र दस्तखत | |

अनुसूची ३

चिचिला गाउँपालिकाको कार्यालय पट्टाको फाराम

चिचिला गाउँपालिकाको ............ (कार्यालयको तर्फबाट) र श्री ............बस्नेले स्थानीय सरकार संचालन ऐन २०७४ को अधिकार क्षेत्र भित्रमा तपशील बमोजिमको शर्तमा तपशील बमोजिमको दरले आय रकम संकलन गर्न ठेक्का बन्दोवस्त गर्ने गरी चिचिला गाउँपालिकाबाट माग गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्र वा बढ़ावढको व्यहोरा पेश हुँदा आर्थिक वर्ष २०८.../०८.. को लागी रू. ............मा ठेक्का दिने गरी तपाइका साथ ठेक्का बन्दोवस्त गर्ने मिति ............गते गाउँपालिकाबाट निर्णय भएको हुँदा उपयुक्त निर्णयानुसार तपशीलको शर्त बमोजिम तपशीलमा लेखिएको आय संकलन गर्न मन्जुरी भै कबुलियत गरी दिनु भएको हुँदा तपाइको कबुलियत बमोजिम तपशीलमा, लेखिएको शर्तमा कति घटी बढी नपारी तपशीलमा लेखिए बमोजिम तपशीलमा तोकिएका मिति भित्र तोकिएको ठाँउमा चाहिने किस्ताको रुपैया बुझाई मिति देखि मितिसम्मको निमित्त देहाय बमोजिमका श्रोतहरुबाट देहाय बमोजिमको दरमा आन्तरिक आय संकलन गर्ने कार्य गर्नु होला। तपाइले गरी दिनु भएको कबुलियत र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी कर सेवाशुल्क वा दस्तुर असूल गरेको वा चिचिला गाउँपालिकाले कर सेवा शुल्क वा दस्तुर असुल गरेको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर सेवा शुल्क वा दस्तुर असुल गरेको ठहरे तपाइसँग भएको ठेक्का तोडी तपाइको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउँपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाइले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमबाट असूल उपर गरिने छ। पछि तपाइको कुनै कुरामा उजुर दावी लाग्ने छैन भनी आजै यस गाउँपालिकाबाट ठेक्का चलनको पूर्जी गरी दिइएको छ।

तपशील

१. तपशीलमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आर्थिक वर्ष २०८.../०८... को तोकिएम बमोजिमको किस्ता म्यादभित्र बुझाउने गरी कानुनको अधिनमा रही चिचिला गाउँपालिकाको आय संकलन गर्नेछु।
२. उक्त आय संकलन गर्नका निमित्त चिचिला गाउँपालिकाको क्षेत्र भित्र व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको चिचिला गाउँपालिकाबाट यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर सेवा शुल्क वा दस्तुरको रुपमा आय संकलन गरी चिचिला गाउँपालिकालाई किस्ता रकम बुझाउनेछु। यसरी आय संकलन गर्दा करदातालाई दिइने भर्पाइ रसिद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने।
३. सो आय संकलन गर्न चिचिला गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा दस्तुर इत्यादी लगाइ लिइने छैन र यस गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदी कुनै त्यस्तो अनाधिकृत रकम असूल उपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको कुरा यस गाउँपालिकाबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारवाही र सयाय गरिनेछ।
४. यसमा नियमानुसार लाग्ने मुल्य अभिवृद्धी कर र आयकर तपाइकै तर्फबाट आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ।
५. अन्य आवश्यक कुरा केही भएमा;

**किस्ताबन्दी**

- ............ साल ............गते देखि ............ साल............ ............सम्म जम्मा रु ............पहिलो किस्ताः कबुलियत भएको ............गते, बुझाउनु पर्ने रु. ............
- दोस्रो किस्ताः ............ साल ............गते भित्र बुझाउनु पर्ने रू. ............
- तेस्रो किस्ताः ............ साल ............भित्र गाउँपालिकामा बुझाउने पर्ने रू. ............

इति सम्वत, ............ साल ............ महिना ............गते ............रोज शुभम् ।

**आज्ञाले;**

**सन्तोष राई**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मितिः २०८१/०३/२५**